लुम्बिनी प्रदेश सरकार
वन तथा वातावरण मन्त्रालय
प्रदेश वन निर्देशनालय

# डिभिजन वन कार्यालय दाङ्ग (देउखुरी)

## वन पैदावार (काठ,दाउरा) लिलाम बिक्रीको सूचना



(प्रथम पटक सूचना प्रकाशित मिति : २०८१/०८/२७)

यस कार्यालयबाट विभिन्न मितिमा तपसिलमा उल्लेखित वन सम्वन्धी कसुर अपराध (वन मुद्दा) मा वरामद वन पैदावारहरु (काठ) श्री दाङ्ग जिल्ला अदालत, घोराही दाङ्गको विभिन्न मितिमा भएको आदेशानुसार साल र अन्य जातका १३५५.४७ घ.फी काठ जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम विक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ। वन नियमावली २०७९ को नियम १२८(१) वमोजिम सुचिकृत ईच्छुक फर्म वा कम्पनीले यो सूचना नयाँ युगबोध राष्ट्रिय दैनिक पत्रिकामा मिति २०८१/०८/२७ गते प्रथम पटक प्रकाशित भएको मितीले २१ औं दिन दिनको कार्यालय समय भित्र डिभिजन वन कार्यालय, दाङ्ग (देउखुरी लमही वा वन निर्देशनालय, वुटवल रुपन्देही मा प्रत्येक लटको छुट्टाछुट्टै बोलपत्र खरिद गरी २२ औं दिन दिनको १.०० वजे भित्र सिलवन्दी वोलपत्र श्री डिभिजन वन कार्यालय, दाङ्ग(देउखुरी), लमहीमा दाखिला गर्न आव्हान गरिन्छ। यस सम्वन्धि विस्तृत जानकारीको लागी कार्यालय समय भित्र यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ। पुर्ण व्यहोराको सुचना कार्यालयको सूचना पाटीमा टाँस गरिएको छ।

**तपसील**:

| क्र.सं. | लट नं. | वन पैदावारको | | | | | मूल्यांकन | | संकलन तथा घाटगद्दी खर्च रु. |
|---|---|---|---|---|---|---|---|---|---|
| | | जात | किसीम | स्तर (ग्रेड) | थान | परिमाण घ.फि. | न्युनतम दर (रु.) | न्युनतम मूल्य रु. | |
| १ | १२/२०८१/०८२ राप्ती | वृक्षारोपण सिसौ | गोलिया | ए | ३ | २०।८० | ७००।० | १४,५६०।०० | २९५७२६।५० |
| | | वृक्षारोपण सिसौ | गोलिया | वी | ९ | २८।८६ | ५००।० | १४,४३०।०० | |
| | | सिरिस | गोलिया | वी | १ | १।४७ | २००।० | २९४।०० | |
| | | जामुन सी | गोलिया | सी | ६ | २४।०९ | १००।० | २,४०९।०० | |
| | | गिठा | गोलिया | | २ | ४।५६ | ५००।० | २,२८०।०० | |
| | | टिक | गोलिया | वी | ६ | ३०।३५ | ६००।० | १८२१०।०० | |
| | | आप | गोलिया | | ४० | १६६।०६ | २००।० | ३३,२१२।०० | |
| | | मसला | गोलिया | | २० | ९६।९६ | १२५।० | १२,१२०।०० | |
| | | सिमल | गोलिया | – | १० | ४२।६० | १५०।० | ६,३९०।०० | |
| | | अन्य जात | गोलिया | – | १५३ | ८१७।४२ | १००।० | ८१,७४२।०० | |
| | | जम्मा | | | २५० | १२३३।१७ | | १८५६४७।०० | २९५७२६.५० |
| २ | १३/२०८१/०८२ राप्ती | साल | गोलिया | ए | ७६ | १२२।३० | १२५०।० | १५२,८७५।०० | २९३२८।७६ |
| | | जम्मा | | | ७६ | १२२।३० | | १५२,८७५।०० | २९३२८।७६ |

- वोलपत्र खरिद गर्नु पर्ने अन्तिम मिति, समय र स्थानः

(क) अन्तिम मिति : २०८१।०९।१८ गते (ख) समय : कार्यालय समय भित्र

(ग) स्थानः डिभिजन वन कार्यालय, दाङ्ग (देउखुरी), लमही वा प्रदेश वन निर्देशनालय, सिद्धार्थनगर, रुपन्देही ।

लुम्बिनी प्रदेश सरकार
वन तथा वातावरण मन्त्रालय
प्रदेश वन निर्देशनालय
# डिभिजन वन कार्यालय दाङ्ग (देउखुरी)

## वन पैदावार (काठ,दाउरा) लिलाम बिक्रीको सूचना

पाना नं.-२

◘ वोलपत्र दाखिला गर्नुपर्ने अन्तिम मिति, समय र स्थानः

(क) अन्तिम मिति: २०८१।०९।१९ गते ख) समय : दिनको ०१:०० वजे सम्म ।

(ग) स्थानः डिभिजन वन कार्यालय, दाङ्ग (देउखुरी), लमही दाङ्ग ।

(१) वोलपत्र फारम को लागि रु१०००।- (पछि फिर्ता नहुने गरी) डिभिजन वन कार्यालय दाङ्ग (देउखुरी), लमही को कार्यालय कोड नं. ३२९०१५६०२५, नेपाल वैंक लिमिटेड दाङको वैंक खाता नं. २७४०२०००००१००१००००००१, राजश्व शिर्षक नं.१४२२९ मा जम्मा गरी खरिद गर्न सकिनेछ ।

(२) वैंक जमानत धरौटीको रुपमा पेश गरिएमा त्यस्तो जमानत कम्तिमा ६ महिना अवधि सम्मको लागी हुनुपर्ने छ ।

(३) बोलपत्र साथ कबोल गरेको रकमको १० प्रतिशतले हुन आउने रकम लु.प्र.ले.नि.का. दाङ्गको नेपाल वैंक लिमिटेड, दाङ्गमा रहेको खाता नं. २९३०२००००००२००३००००००१ ( लुम्बिनी प्रदेश ख- २.३ धरौटी) खातामा नगद जम्मा गरेको सक्कल भौचर समावेश हुनुपर्नेछ । धरौटी वा अन्य कारण देखाई कुनै पनि नगद रकम वोलपत्र साथ पेश गर्न पाईने छैन। यसरी नगद रकमको धरौटी पेश भएमा वोलपत्र स्वतः अमान्य हुनेछ ।

(४) वनपैदावार कार्यालय खुलेको समय भित्र घाटगद्दी स्थल रासी सव डिभिजन वन कार्यालयको परिसरमा गई हेर्न सकिने छ।

(५) ठेक्का वन्दोवस्त सिलवन्दी वोलपत्रमा भाग लिन ईच्छुक कम्पनी वा फर्मले फर्मदर्ता प्रमाणपत्रको प्रतिलिपी, कर दर्ता प्रमाणपत्रको प्रतिलिपी, नविकरण प्रमाणपत्र, मूल्य अभिबृद्धि कर दर्ता प्रमाणपत्रको प्रतिलिपी वा स्थायी लेखा नम्वर (PAN) दर्ता प्रमाणपत्रको प्रतिलिपी,, वन नियमावली २०७९ को नियम १२८ वमोजिम उधोग सुचिकृतको प्रमाण पत्रको प्रतिलिपी र आ.व. २०८०।०८१ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपी वोलपत्रसाथ पेश गर्नुपर्नेछ ।

(६) निर्धारित गरिएको न्यूनतम संख्याका र रीतपूर्वक पर्न आएका वोलपत्रहरु मिति २०८१।०९।१९ गते दिनको २.०० वजे डिभिजन वन कार्यालय, दाङ्ग (देउखुरी), लमही मा खोलिने छ ।

(७) सिलवन्दी वोलपत्र सम्वन्धि कागजातहरु खरिद तथा दाखिला गर्ने अन्तिम दिन सार्वजनिक विदा परेमा त्यसको लगतै भोली पल्ट कार्यालय खुलेको दिनमा उल्लेखित कार्य हुनेछन् ।

(८) लिलाम स्वीकृत भएको जानकारी प्राप्त भएको १५ (पन्ध्र) दिनभित्र सकार गरेको रकम तथा निर्धारित मूल्य अभिबृद्धि कर, अग्रीम आय कर र नियमानुसार लाग्ने राजश्व जे जस्तो अवस्थामा छ सोही अवस्थामा अफ्नै खर्चमा उठाई लैजानु पर्नेछ ।

(९) वोलपत्रमा सकार गरिएको रकम अङ्क र अक्षर दुवैमा लेख्नुपर्छ । अङ्क र अक्षरमा फरक परे अक्षरलाई मान्यता दिईने छ

(१०) वोलपत्र स्विकृत गर्ने, नगर्ने सम्पूर्ण अधिकार कार्यालयमा सुरक्षित रहने छ ।

(११) माथी उल्लेख गरेको शर्तहरु वाहेक बोलपत्रमा कुनै पनि भाषा वा अक्षर वा शर्त उल्लेख गर्न पाईने छैन । तर एउटा फर्मले एकमुष्ट धरौटी राखी कुनै एक लटमा सक्कल र अन्य प्लटमा फोटोकपी राखेको भए उक्त कुरा बोलपत्रमा लेख मिल्ने छ ।

(१२) उल्लेख हुन छुट भएका वुँदाको हकमा प्रचलित कानुन वमोजिम हुनेछ ।